# DAILY NEWSLETTER

As of APRIL 06, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## प्यानिकपछि बलियो रिबाउन्ड: ८३ अंकले उकालो लाग्यो नेपाल स्टक एक्सचेन्ज




नेपाल स्टक एक्सचेन्ज परिसूचक उच्च अंकले बढ्दै २७६०.०२ विन्दुमा बन्द भएको छ। अघिल्लो कारोबार दिन १०० अंकभन्दा बढीले घटेको बजार सोमबार भने उल्लेखनीय रूपमा सुधारिएको हो।

हालै सम्पत्ति शुद्धीकरण अनुसन्धानसँग सम्बन्धित गतिविधिका कारण बजारमा देखिएको प्यानिकबीच अर्थमन्त्री स्वर्णिम वाग्ले ले पूँजीबजारमैत्री नीति लिने आश्वासन दिएपछि लगानीकर्ताको मनोबल बढेको देखिएको छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा BELOW छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ । |
| RSI | RSI 46 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

सोमबार नेप्से ८३.३३ अंकले बढ्दा सेन्सेटिभ इन्डेक्स १४.३० अंक, फ्लोट इन्डेक्स ६.०१ अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स ५.०३ अंकले वृद्धि भएका छन्। बजार उकालो लागे पनि कारोबार रकम भने घटेर १० अर्ब ९२ करोड ८५ लाख रुपैयाँमा सीमित रह्यो। कुल ३४५ कम्पनीका २ करोड ५१ लाखभन्दा बढी कित्ता शेयर किनबेच हुँदा ८ कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा पुगेको छ। कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स अग्रस्थानमा रहँदा हिमालयन रि इन्स्योरेन्स र एनआरएन इन्फ्रास्ट्रक्चर पनि उच्च कारोबार भएका कम्पनीमा परेका छन्।

यस दिन सबै १३ उपसमूहका सूचक हरियालीमा देखिएका छन्, जसमा जलविद्युत उपसमूह सर्वाधिक ४.५९ प्रतिशतले बढेको छ। बजारमा आएको यो सुधारलाई लगानीकर्ताले 'रिबाउन्ड' को रूपमा लिएका छन्, यद्यपि कारोबार रकम घट्नुले अझै सतर्कता आवश्यक रहेको संकेत गरेको छ।


9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment